जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक १८५ | २०८२ साल फागुन ०६ गते बुधवार | Wednesday-18-February-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## बिरगंजमा ट्राफिक व्यवस्थापनको नाममा असुली धन्दा ?

***शु.आ. सम्बाददाता***
***पर्सा, ०५ फागुन***




बिरगंज क्षेत्रसहित वरिपरिका स्थानहरूमा ट्राफिक अव्यवस्था बढ्दो छ भने ट्राफिक प्रहरी भने व्यवस्थापनभन्दा असुलीतर्फ केन्द्रित रहेको गम्भीर आरोप सार्वजनिक भएको छ । स्थानीय तथा सीमा क्षेत्रबाट आवतजावत गर्ने सवारी चालकहरूका अनुसार ट्राफिक चेकजाँचको नाममा खुला आर्थिक लेनदेन हुने गरेको छ । विशेषगरी मितेरी पुल र बाइपास सडक क्षेत्रमा भारतबाट नेपाल प्रवेश गर्ने सवारी साधनलाई रोक्दै चेकजाँचको बहाना बनाइ प्रती सवारी २ देखि ३ सय रुपैयाँसम्म र भन्सार महसुल नतिरेको भन्दै एक हजार रुपैयाँसम्म जबर्जस्ती असुल्ने गरिएको एक भारतीय नागरिकले दाबी गरेका छन् । "रसीदबिना रकम लिने, नदिए अनावश्यक दुःख दिने" प्रवृत्ति बढेको उनको गुनासो छ ।

यता, शहरको मुटु मानिने घन्टाघर क्षेत्रमा जथाभावी पार्किङ्ग, अव्यवस्थित टेम्पू सञ्चालन र ट्राफिक जाम दैनिक समस्या बनेको छ । सर्वसाधारणका अनुसार ट्राफिक प्रहरीको बिट स्थापना भएपनि प्रभावकारी व्यवस्थापन देखिँदैन । "सवारी व्यवस्थापनभन्दा आर्थिक कारोबारमा ध्यान बढी देखिन्छ," एक स्थानीयले भने, "नियम लागू गर्नेभन्दा रकम उठाउने संस्कार हाबी भएको छ ।"

स्थानीय व्यवसायीहरू भन्छन्, ट्राफिक व्यवस्थापन कमजोर हुँदा दुर्घटनाको जोखिम बढेको छ भने सर्वसाधारणले अनावश्यक सास्ती भोग्नु परेको छ । पटक-पटक जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई जानकारी गराउँदा पनि ठोस सुधार नदेखिएको उनीहरूको आरोप छ ।

ट्राफिक व्यवस्थापनको नाममा यदि अवैध असुली भइरहेको हो भने सम्बन्धित निकायले तत्काल छानबिन गरी दोषीमाथि कारबाही गर्नुपर्ने माग उठेको छ । अन्यथा, "जो जोगी आए पनि कानै चिरेको" उखानझैं अवस्था दोहोरिरहने भन्दै स्थानीयहरूले चिन्ता व्यक्त गरेका छन् ।

## बारा-३ मा जनमत पार्टीको आक्रामक प्रवेश, कलैयाबाट चुनावी अभियानले लियो गति

शु. सम्वाददाता
कलैया , ०५ माघ




आगामी प्रतिनिधि सभा निर्वाचनलाई केन्द्रमा राख्दै जनमत पार्टी ले बारा निर्वाचन क्षेत्र नं. ३ मा संगठन सुदृढीकरण र जनसम्पर्क अभियानलाई नयाँ उचाइमा पुऱ्याएको छ । यसै रणनीतिअन्तर्गत पार्टीले कलैया बजारलाई केन्द्र बनाउँदै क्षेत्रीय कार्यालय स्थापना र व्यापक घरदैलो कार्यक्रम सञ्चालन गरेको छ ।

कलैया स्थित दास गेस्ट हाउस को भवनमा स्थापना गरिएको क्षेत्रीय पार्टी कार्यालयको उद्घाटन विशेष समारोहबीच सम्पन्न भयो । उद्घाटन कार्यक्रममा बारा-३ का प्रतिनिधि सभा सदस्य उम्मेदवार प्रमोद गुप्ता प्रमुख अतिथिका रूपमा उपस्थित रहनुभएको थियो । साथै मधेस प्रदेश सह-इन्चार्ज संतोष पटेल र केन्द्रीय कार्यकारी सदस्य पारस साह को विशेष उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले बारा-३ को राजनीतिक परिदृश्य परिवर्तनको चरणमा पुगेको दाबी गरे । केन्द्रीय कार्यकारी सदस्य पारस साहले परम्परागत राजनीतिक शैलीप्रति संकेत गर्दै अब पुरानै तरिकाले राजनीति चल्ने समय सकिएको बताउनुभयो। उहाँले संविधान निर्माणपछिको चरणमा अनुभवी र अधिकारमुखी नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै विकास र मधेसको हकहितका मुद्दालाई बलियो बनाउने प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

उद्घाटन समारोहपछि कलैया बजार क्षेत्रमा जनमत पार्टीको चुनाव चिन्ह "हरन छाप" सहित व्यापक घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो । घरदैलोका क्रममा उम्मेदवार प्रमोद गुप्ताले शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन र मधेसको अधिकार सुनिश्चित गर्ने एजेन्डा प्रस्तुत गर्दै मतदातासँग प्रत्यक्ष संवाद गर्नुभयो । स्थानीय मतदाताहरूले पनि घरदैलो कार्यक्रममार्फत उम्मेदवारसँग खुलेर आफ्ना समस्या र अपेक्षा राखेका थिए । कार्यक्रममा पार्टी इन्चार्ज शिवनाथ पटेल, संजय केशरी, दिलिप अग्रवाल, किसमती राम, उमेश दुबे, अरुण साह, लक्ष्मण साह, सुजित पाण्डे, बिनोद साह, अजय साह, जितेन्द्र सहनी, मनोज गुप्ता, दसै ठाकुर, हिरालाल साह लगायतको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमको अध्यक्षता द्वारिका यादव ले गर्नुभएको थियो भने सञ्चालन राजदेव ठाकुर ले गर्नुभएको थियो । जनमत पार्टीले बारा-३ मा कार्यालय उद्घाटनसँगै घरदैलो, भेटघाट र प्रचारप्रसारलाई थप तीव्र बनाउने जनाएको छ। पार्टी नेतृत्वका अनुसार जनआधार विस्तार गर्दै चुनावी माहोल आफ्नो पक्षमा पार्ने दीर्घकालीन रणनीतिका साथ अभियान अगाडि बढाइएको छ ।

## फागुन २१ को प्रतिनिधि सभा निर्वाचनका लागि बाराका चारै निर्वाचन क्षेत्रमा मतदान कर्मचारी खटाइयो

***शु.आ. सम्बाददाता***
***कलैया, ०५ फागुन***



आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि बारा जिल्लाका चारै निर्वाचन क्षेत्रमा रहेका सबै मतदान केन्द्रमा आवश्यक मतदान कर्मचारी खटाइएको छ ।

निर्वाचन कार्यालय बाराका प्रमुख नविन चौधरीका अनुसार जिल्लाभर सञ्चालन हुने मतदान प्रक्रियालाई प्रभावकारी, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी तथा कार्यालय सहयोगीहरूलाई आ-आफ्ना मतदान केन्द्रमा जिम्मेवारी तोकिएको हो ।

प्रमुख चौधरीले प्रत्येक मतदान केन्द्रमा मतदाता सेवा सहज बनाउने, मतदान प्रक्रिया छरितो बनाउने तथा निर्वाचन आचारसंहिता पालना गराउने विषयमा विशेष ध्यान दिइएको जानकारी दिनुभयो । उहाँका अनुसार खटिएका सम्पूर्ण कर्मचारीलाई निर्वाचनसम्बन्धी आवश्यक तालिम प्रदान गरिसकिएको छ भने मतदान सामग्री व्यवस्थापनको कार्यसमेत अन्तिम चरणमा पुगेको छ । निर्वाचन कार्यालयका अनुसार सुरक्षाको दृष्टिकोणले समेत आवश्यक समन्वय भइरहेको छ। मतदान केन्द्रको संवेदनशीलता अनुसार सुरक्षाकर्मी परिचालन गरिने तथा मतदाताले निडर भई मतदान गर्न पाउने वातावरण सुनिश्चित गरिने जनाइएको छ। चारवटै निर्वाचन क्षेत्रमा मतदाता सहभागिता बढाउने उद्देश्यले मतदाता शिक्षा, सूचना प्रवाह तथा सहजीकरणका कार्यक्रमहरू पनि निरन्तर सञ्चालन भइरहेको निर्वाचन कार्यालयले जनाएको छ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीय बनाउन सबै राजनीतिक दल, उम्मेदवार, मतदाता तथा सरोकारवाला निकायको सहयोग अपरिहार्य रहेको प्रमुख चौधरीले उल्लेख गर्नुभयो ।

## रौतहट-३ मा एमाले उम्मेदवार कुशवाहाको घरदैलो तीव्रः अहंकारी नेतालाई जनताले जवाफ दिने उद्घोष

***शु. आ. सम्बाददाता***
***रौतहट, ०५ फागुन***




आगामी प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिएसँगै रौतहट क्षेत्र नम्बर -३ मा राजनीतिक चहलपहल निकै बढेको छ। यसै क्रममा नेकपा एमालेका तर्फबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार कुन्दन कुशवाहाले आफ्नो निर्वाचन क्षेत्रमा घरदैलो तथा चुनावी विशेष कार्यक्रमलाई तीव्रता दिएका छन् ।

मंगलबार मौलापुर नगरपालिका अन्तर्गतका वडा नम्बर -८ र ९ मा एमालेका स्थानीय नेता तथा कार्यकर्ताहरूको उत्साहजनक सहभागितामा भव्य घरदैलो कार्यक्रम सम्पन्न गरिएको हो ।

घरदैलोका क्रममा स्थानीय मतदाताहरूसँग कुरा गर्दै उम्मेदवार कुशवाहाले यस क्षेत्रको विकास र समृद्धिका लागि आफू निरन्तर लागिपर्ने बताए। कार्यक्रममा सहभागी स्थानीय जनताले वर्षौंदेखि ठूला-ठूला आश्वासन दिएर भोट लिने तर चुनाव जितेपछि क्षेत्रलाई आफ्नो कब्जामा राख्न खोज्ने अहंकारी नेताहरूलाई यसपटक मतमार्फत कडा जवाफ दिने बताएका छन् ।

वडा नम्बर -९ स्थित सोनरनिया बजारमा आयोजित कोणसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि कुशवाहाले भन्ने

नेकपा एमाले गेस्ट हाउसका रूपमा चल्ने पार्टी होइन, यो विशुद्ध जनताको सुख-दुःखको साथी र जनताकै पार्टी हो । देशमा गणतन्त्र र लोकतन्त्र ल्याउन मुख्य भूमिका खेलेको एमालेमै नेपाली जनताको भविष्य सुरक्षित छ । सोनरनिया बजारमा आयोजित उक्त विशेष कार्यक्रम सोही वडाका वडा अध्यक्ष श्यामकिशोर साहको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै वडा अध्यक्ष साहले एमालेको नेतृत्वमा मात्रै गाउँ र नगरको वास्तविक विकास सम्भव भएको दाबी गरे ।

कार्यक्रममा एमालेका स्थानीय नेता, कार्यकर्ता, गाउँका भद्रभलादमी, युवा दस्ता र आम जनसमुदायको उल्लेख्य र उत्साहजनक उपस्थिति रहेको थियो । सम्बोधनका क्रममा नेताहरूले रौतहट-३ लाई केही व्यक्तिको राजनीतिक सिन्डिकेटबाट मुक्त गराउने प्रतिबद्धता व्यक्त गरे ।

चुनावी माहोलको रिपोर्टिङका लागि विभिन्न सञ्चार माध्यमका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो ।

प्रतिनिधि सभा उम्मेदवार कुन्दन कुशवाहाले मतदाताको उत्साह देख्दा यसपटक रौतहट-३ मा सूर्य चिह्नको विजय सुनिश्चित रहेको विश्वास व्यक्त गरे । निर्वाचनको मिति नजिकिँदै जाँदा कुशवाहाले प्रत्येक टोल र बस्तीमा पुगेर जनताको राय लिने कार्यलाई अझ तीव्र बनाउने योजना बनाएका छन् ।

## पर्सामा कार चालकसहित १६० किलोग्राम गाँजा बरामद

***हरिकिशोर शर्मा***
***पर्सा, ०५ फागुन***

पर्सा जिल्लाको पकहाँमैनपुर गाउँपालिकाबाट कार चालकसहित १६० किलोग्राम गाँजा बरामद गरिएको छ ।

सशस्त्र प्रहरी बल नेपाल पर्सा र नेपाल प्रहरीको संयुक्त टोलीले उक्त परिमाणको गाँजा नियन्त्रणमा लिएको हो ।

संयुक्त टोलीले सोमबार पकहाँमैनपुर गाउँपालिका-स्थित मधुवनी चोकतर्फ आइरहेको प्र३-०१-००२च ५४३२ नम्बरको सुजुकी स्वीफ्ट कार जाँच गर्ने क्रममा चालक बुद्धिलाल घलानलाई गाँजासहित पक्राउ गरेको जनाएको छ ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीका अनुसार चालक घलानले कारको डिक्कीमा प्याकिङ गरी ल्याएको गाँजा फ्याँक्ने प्रयास गरिरहेको अवस्थामा पक्राउ गरिएको हो ।

पक्राउ परेका घलानलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि इलाका प्रहरी कार्यालय पोखरिया पठाइएको गणपति क्षेत्रीले जानकारी दिनुभयो ।

सशस्त्र प्रहरीका अनुसार घलानको साथबाट २२ हजार ५ सय रुपैयाँ नगद र रियलमी कम्पनीको एक थान स्मार्टफोनसमेत बरामद गरिएको छ ।

**समाजिक सञ्जालको दुरूपयोग नगरौं ।**

**मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### खस्किँदो सुशासन र भ्रष्टाचार विरूद्धको निर्णायक घडी

नेपालमा भ्रष्टाचार र अनियमितता बढ्दै जाँदा सुशासनको अवस्था गम्भीर रुपमा कमजोर बनेको छ । यसको असर केवल सूचकाङ्कमा सीमित छैन, नागरिकको दैनिक जीवनमा पनि प्रत्यक्ष रुपमा महसुस गर्न सकिन्छ । सरकारी सेवा, निर्णय प्रक्रिया र प्रशासनिक प्रणालीमा पारदर्शिता तथा जवाफदेहिताको अभावले सामान्य नागरिकलाई प्रत्यक्ष असर पुऱ्याइरहेको छ ।

त्चबलकउबचभलअथ क्ष्लतभचलबतष्यलबर्ा ले सार्वजनिक गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्क (ऋएक्ष) २०२५ अनुसार नेपाल अघिल्लो वर्षभन्दा दुई स्थान तल झर्दै १०८औँ स्थानमा पुगेको छ । अङ्कको हिसाबले देशले ३४ अङ्क मात्र प्राप्त गरेको छ, जसले स्पष्ट देखाउँछ कि भ्रष्टाचार नियन्त्रणमा ठोस प्रगति हुन सकेको छैन ।

भ्रष्टाचारको फैलावटमा राजनीतिक इच्छाशक्ति र संरचनागत सुधारको कमी मुख्य कारण बनेको छ । कर्मचारी मूल्याङ्कन र सेवा प्रवाहमा जवाफदेहिताको अभाव, स्रोतसाधनको दुरूपयोग र राज्य सञ्चालनमाथि सीमित व्यक्तिहरुको पकडले सुशासन कमजोर बनेको हो ।

निर्णय प्रक्रिया अझै 'ग्रे जोन'मै छ, जहाँ ठेक्का, कर छुट र आयात-निर्यातका निर्णयहरु पारदर्शी बन्न सकेका छैनन् । भ्रष्टाचार नियन्त्रणका लागि स्थापित निकायहरु नै राजनीतिक संरक्षणमा रहेका कारण ठूला आर्थिक वा राजनीतिक शक्ति भएका व्यक्तिमाथि कारबाही हुन सकिरहेको छैन ।

प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा अब दलहरुले भाषण र आकाङ्क्षा भन्दा माथि उठेर ठोस योजना, स्पष्ट समयसीमा र परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने आवश्यकता छ । सुशासन अब भाषणमा होइन, तथ्याङ्क र नागरिकले अनुभूति गर्ने नतिजामा देखिनुपर्छ ।

नयाँ सरकारले पहिलो सय दिनमै सुधारको सन्देश दिनुपर्ने, पहिलो वर्षमै प्रणालीगत परिवर्तन सुरू गर्ने र पाँच वर्षभित्र संस्थागत सुधार सम्पन्न गर्ने लक्ष्य राख्नुपर्छ । राजनीतिक शुद्धीकरण, संरचनागत सुधार र नागरिकलाई प्रत्यक्ष लाभ दिने ठोस कार्यान्वयनले मात्र सुशासनको खस्किँदो साख पुनर्स्थापित गर्न सकिन्छ ।

# देश किन जस्ताको तस्तै ?



यज्ञप्रसाद शर्मा

खाली दिमाग भएकाहरू नीति निर्माण तहमा पुगेर के गर्छन् ? जवाफ स्वाभाविक छ, अरूको एजेन्डामा देश चलाउँछन् ।

नेपालको राजनीतिक इतिहासमा चुनावहरू पटकपटक भएका छन् । सरकारहरू फेरिएका छन्, अनुहारहरू बदलिएका छन् । तर प्रश्न उही छ- देश किन जस्ताको तस्तै छ ? अर्थतन्त्र किन झन् कमजोर बन्दै गएको छ ? यही पृष्ठभूमिमा यस वर्षको चुनावलाई 'पुरानो र नयाँबीचको लडाइँ'का रूपमा हेरिन थालेको छ । कसैकसैले 'देश बनाउने र देश जलाउनेबीचको लडाइँ' भन्दैछन् । यो केवल चुनावी नारा होइन, न त आरोप प्रत्यारोपको कुरा नै हो । बरु देशको स्वाभिमान र लोकतन्त्रको भविष्यसँग जोडिएको चेतावनी जनक प्रश्न हो ।

सामान्यत: लोकतन्त्रमा चुनावलाई जनताले आफूमाथि शासन गर्ने शासक छान्ने विधिका रूपमा हेर्छन् । तर नेपालजस्तो अस्थिर अर्थतन्त्र र विभाजित समाज भएको मुलुकमा चुनाव मुलुकलाई दिशानिर्देश गर्ने मोड बन्ने गरेको छ । हो, चुनावबाट निर्वाचितहरूले नै जनतामाथि शासन गर्छन् । त्यही भएकाले शासक छान्ने हो । जोसुकैले जिते पनि त्यो सिंहदरबारमा बसेर जनतामाथि शासन गर्ने नै हो । तर, अहिलेको बिथोलिएको अवस्थाबाट मुलुकलाई सही बाटो देखाउन असल र इमानदार सास चाहिन्छ, खराब परेमा मुलुक दुर्गतितर्फ जाला भन्ने डर पनि छँदैछ । नेपालमा आज निर्वाचनमात्र आएको छैन, नयाँ र पुरानो दुई शक्तिमध्ये कसको हातमा बागडोर दिने भनेर गम्भीर निर्णय गर्नुपर्ने मोडमा छौं । मुलुकमा एकातिर बेरोजगारी, युवा पलायन, सुशासनको अभाव र आर्थिक निर्भरता गहिरिँदै गएको छ भने अर्कोतिर राजनीतिक नेतृत्वप्रति नागरिक दृष्टिकोण लगातार नकारात्मक बन्दै गएको छ । यस्तो परिवेशमा हुने चुनावले या त सुधारको ढोका खोल्छ, या त अव्यवस्था र निराशालाई संस्थागत गर्ने अवसर प्रदान गर्दछ ।

देश बाह्य शत्रुको प्रहारबाट होइन, आन्तरिक अविवेकबाट कमजोर हुन्छ । नागरिकले मतदानलाई केवल अधिकार ठानेर जिम्मेवारी बिर्सिए भने चुनाव विनाशको माध्यम बन्न सक्छ । भदौ अन्तिम साताको आन्दोलनपछिको निर्वाचन हो यो । जेन-जीको सरकारले चुनाव गराउँदैछ । 'हाम्रो माग शासक परिवर्तन होइन, सुशासन हो', जेन-जी भन्दैछ । यसर्थ, अहिलेको सरकार जेन-जीका माग सम्बोधन गर्ने भन्दा पनि जेन-जी आन्दोलनका योजनाकारहरूलाई सरकारमा पुऱ्याउने हतारोमा छ । जेन-जीका वास्तविक मागलाई पन्छाएर चुनावको गाडी अगाडि बढाइँदैछ । भदौ २३ गतेको आन्दोलनका योजनाकार र २४ गतेको विध्वंसको नेतृत्व गर्नेहरू उम्मेदवार बनेका छन् । राष्ट्रका धरोहर र सम्पत्तिमा आगो लगाउने र जेन-जीलाई उत्तेजित बनाएर आन्दोलनमा होम्नेहरू नै उम्मेदवार बनेर आउँदा प्राय: सबै एउटै पार्टीसँग जोडिएका छन् । जसले देशलाई खरानी बनाउने कामको नेतृत्व गऱ्यो र जसका नेता सहकारी ठगका रूपमा जेल परेका थिए ।

यस्तो बेलामा राष्ट्रिय अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको समेत साथ लिएर 'नयाँ'को नारा लगाएर अगाडि आएका उनीहरूको ठूलो स्वर र चर्को प्रचारशैली देखिएको छ । जसले देश बनाउने भन्दैछन्, उनीहरूको प्रचार कमजोर हुन्छ । देश बनाउन राजनीति गर्नेहरू चर्का नारा लगाउँदैनन्, चमत्कारको भाषा बोल्दैनन् । देश बनाउन चकमत्कार होइन, कडा निर्णय, दीर्घकालीन योजना र संस्थागत अनुशासनको माग गर्छन् । शिक्षा, स्वास्थ्य, न्याय प्रणाली, सार्वजनिक प्रशासन र अर्थतन्त्र सुधार गर्ने विषयहरूलाई केन्द्रमा राखेका हुन्छन् । तर यस्ता विषयहरू आम मतदाताका लागि आकर्षक हुँदैनन् । न त भिड तताउँछन्, न त सामाजिक सञ्जालमा भाइरल बन्छन् । तर, प्रभाव दीर्घकालीन हुन्छ, समुद्रजस्तो गम्भीर र गहिरो ।

नेपालको विडम्बना यही हो, गम्भीर राजनीति अलोकप्रिय बन्दैछ । नीति र योजना प्रस्तुत गर्नेहरूभन्दा भावनात्मक भाषण गर्नेहरू लोकप्रिय हुने गरेका छन् । परिणामस्वरूप, देश बनाउने नारा दिनेहरू चुनावी प्रतिस्पर्धामा कमजोर देखिने र सामाजिक सञ्जालमा भाइरल बनेकाहरू चर्चामा देखिन्छन् । पुरानाको 'लाइक' र 'भ्युज' पनि कम नै हुन्छन् । त्यसको अर्थ, समाजमा देश बनाउने एजेन्डालाई मन पराउनेहरू कम छन् भन्ने होइन । उनीहरू सौम्य छन्, रियाक्टिभ छैनन्, त्यसैले धेरै देखिँदैनन् । उनीहरू परिस्थितिलाई नजिकबाट हेर्ने र सही समयमा मतदान गर्ने स्वभावका हुन्छन् । मुसुमुसु हाँस्दै परिस्थितिको विश्लेषण गर्छन र सही ठाउँमा मतदान गर्छन् । देश जलाउने राजनीति असफलताबाट जन्मिन्छ र निराशामा बाँच्छ । यसले समस्याको समाधान खोज्दैन, दोषमात्र केलाउँछ । किनकि उसको सोच नै नकारात्मक कोणबाट सुरु हुन्छ । कहिले व्यवस्था नै गलत भन्छ त कहिले कुनै पात्रलाई दोषी देख्छ । यसले लोकतन्त्रका आधारभूत स्तम्भ-संविधान, संसद्, अदालत, निर्वाचन प्रणालीमाथि अविश्वास फैलाउँछ । ऊ आफूलाई एकमात्र मसिहाका रूपमा प्रस्तुत गर्छ । सामाजिक सञ्जाल र सडकमा होहल्ला गरेर जनमत बनाउन खोज्छ । खासगरी अनुभवहीन किशोकिशोरीको मन मस्तिष्कमा विष रोपेर आफनो अभीष्ट पूरा गर्ने प्रयास गर्दछ । सामाजिक सञ्जाल र अलगोदरिमको मद्दतबाट अहिले पनि देशको धरोहर जलाएर खरानी बनाउनेलाई रक्षा गर्दै 'हिरो' हो भनेर प्रचार गरिरहेका छन् । यस कुराले राज्यसत्ताको संरक्षणमा अपराध लुकाउने प्रयास, दण्डहीनताको नग्न उदाहरण बनिरहेको अवस्था छ । यसरी उदाउने शक्तिले कानुनी राज्यको पालना र समाजमा न्यायको प्रत्याभूति गर्छ त ? प्रश्न गम्भीर छ ।

भदौ २३ गतेको नरसंहार र २४ गतेको विध्वंस ठीक थियो कि थिएन ? मुलुकले निर्णय गर्नुपर्ने बेला आएको छ । तर विडम्बना, यसै विषयमा छानबिन गर्न बनाइएको उच्चस्तरीय आयोगको प्रतिवेदन सार्वजनिक हुन सकेन, पुन: म्याद थपिएको छ । अन्योलकै बीचमा फागुन २१ गतेको चुनाव हुने भएको छ । भदौ २३ र २४ को आन्दोलनका योजनाकारहरू र देशका राष्ट्रिय धरोहर जलाएर खुसी मनाउनेहरू नै विजयी भए भने मुलुकका लागि खतरनाक अवस्था बन्छ । यसले लोकतान्त्रिक विधिबाट चुनाव जितेर सरकार र संसद्मा पुगे भने तिनीहरूले लोकतान्त्रिक मूल्यलाई नै धज्जी उडाउने सम्भावना छ । अर्थात्, निर्वाचित तानाशाही सरकार बन्न सक्छ । अदालतको फैसलालाई चुनौती दिँदै जेल तोडेर नेतालाई निकाल्ने शक्तिले विधिको शासन मान्छ भनेर कसरी भन्न सकिन्छ ?

यस्तो शक्तिले जितेमा प्रजातान्त्रिक संस्थाहरूलाई कब्जा गरेर राज्यलाई अस्थिरता, अराजकता र द्वन्द्वतर्फ धकेल्छ । नेपाल असफल राष्ट्र बन्न पुग्छ । विश्वमा थुप्रै यस्ता उदाहरण छन् । युक्रेन पछिल्लो उदाहरण हो । एउटा हास्य कलाकारलाई अमेरिकाले उचालेर चुनावमा ओराल्यो, जित्यो पनि । आखिरमा अमेरिकाको कठपुतली बनेर त्यसले देशलाई नै ध्वस्त बनाइछाड्यो । नेपालमा पनि केही सेलिब्रेटी त्यही मोडेलमा नेता बनेर चुनावमा होमिएका छन् । अनि नयाँ नेपाल बनाउने नारा दिइरहेका छन् । पुरानो सम्पत्ति जलाएर बनाउने नयाँ नेपालले देशको भलो गर्छ कि अरूकै ? गम्भीर प्रश्न नेपाली मतदातासामु देखिएको छ । उनीहरू नयाँलाई रोजौं मात्र भनिरहेका छन्, नयाँ आएर गर्छ के त्यो योजना र सोच सार्वजनिक गर्दैनन् ।

तपाईंको चुनावी प्रतिबद्धता माग्दा उम्मेदवारहरू नै 'चुनाव जितेपछि पार्टी अध्यक्ष र प्रधानमन्त्रीलाई ल्याएर भाषण गर्न लगाउँछु' भनेर ठूलो स्वरमा भन्छन् । देश बनाउने सोच र कार्ययोजना छैन । यस्ता खाली दिमाग भएकाहरू नीति निर्माण तहमा पुगेर के गर्छन् ? जवाफ स्वाभाविक छ, अरूको एजेन्डामा देश चलाउँछन् । एजेन्डा दिन शक्ति राष्ट्रहरू सधैं तयार छन् । सामाजिक सञ्जाल अहिले सूचना प्रवाहका लागि प्रभावकारी माध्यम बनेको छ । तर यसलाई चेतनाका लागि प्रयोग गर्ने कि हतियार बनाउने भन्ने कुरा गम्भीर रूपमा उठेको छ । केही व्यक्तिहरू यसलाई हतियारका रूपमा प्रयोग गर्दैछन् । जनतामा जानु, आफ्नो विचार राख्नुभन्दा पनि सामाजिक सञ्जालमा स्टाटस लेखेर अल्गोरिदमको प्रयोगबाट भाइरल बनाउने काममा ध्यान दिइँदैछ । दुर्भाग्य, सामाजिक सञ्जाल तथ्यगत बहसभन्दा अफवाह, उत्तेजना र चरित्रहत्या फैलाउने हतियारजस्तो भइरहेको छ । छोटो भिडियो, अधुरो तथ्य र षड्यन्त्र सिद्धान्तले मतदातालाई सोच्ने होइन, प्रतिक्रिया जनाउने अवस्थामा पुऱ्याइँदैछ । यस्तो वातावरणमा मतदाताले विवेकशील भएर निर्णय गर्न कठिन बन्दै गएको छ । देशमा विद्यमान विसंगतिका लागि राजनीतिज्ञलाई मात्र दोष दिएर उम्किन मिल्दैन । लोकतन्त्रमा नागरिक सचेत र निर्णायक शक्ति हो । गलत नेतृत्वलाई अवसर दिनु, सबै उस्तै हुन् भन्दै अगाडि बढ्नु जिम्मेवार मतदाता हुनबाट पन्छिनु हो । व्यक्तिगत फाइदालाई भन्दा राष्ट्रिय हितलाई मतदाताले ध्यान नदिएमा देश जलाउने राजनीतिलाई बल पुग्छ । लोकतन्त्रमा नागरिक निष्क्रिय भइदिँदा गैरजिम्मेवार शक्तिको हातमा नेतृत्व पुग्छ । जुन मुलुकका लागि दुर्भाग्य हो ।

फागुन २१ गतेको चुनाव साँच्चै देश बनाउने र देश जलाउने बीचको लडाइँ हो । यो लडाइँ भाषण मञ्चमा होइन, मतदाताको चेतनामा लडिँदैछ । एकातिर धैर्य, विवेक र दीर्घकालीन सोच छ; अर्कोतिर आक्रोश, अधैर्य र विध्वंसकारी प्रवृति छ । इतिहासले देखाएको छ, देश बाह्य शत्रुको प्रहारबाट होइन, आन्तरिक अविवेकबाट कमजोर हुन्छ । नागरिकले मतदानलाई केवल अधिकार ठानेर जिम्मेवारी बिर्सिए भने चुनाव विनाशको माध्यम बन्न सक्छ । यदि मतदाता सचेत, आलोचनात्मक र मूल्यमा आधारित सोच भएका भए भने यो चुनाव नेपाललाई नयाँ दिशा दिने महत्वपूर्ण मोड बन्न सक्छ ।

हालै बंगलादेशको चुनावको परिणाम सार्वजनिक भएको छ । त्यहाँका जनताले देश जलाउने र सामाजिक सञ्जालका सेलिब्रेटीहरूलाई परास्त गरिदिएका छन् । जनता शान्ति र विकासको पक्षमा हुन्छन्, राष्ट्रहितको पक्षमा हुन्छन् भन्ने देखाएका छन् । लोकतन्त्रमा जनता नै जनार्दन हुने भएकाले नेपालमा पनि आउँदो निर्वाचनमा कस्तो शक्तिलाई स्थापित गर्ने भन्ने कुरा मतदाताकै हातमा रहेको छ । जलाउनेलाई जिताउने कि देश बनाउनेलाई निर्णय गर्नुपर्ने भएको छ । अहिले यति नै भन्नु उचित हुन्छ ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ



सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर दक्षिण तर्फ , शिवालय मंदिर से उतर


॥समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - प्रसौनी गाउँपालिका, बारा

## अन्तराष्ट्रिय समाचार

# फ्रान्ससँग अहिलेसम्मकै ठूलो सैन्य सम्झौता : भार तले किन्दैछ ११४ अत्याधुनिक राफेल लडाकु जेट

मुम्बई- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनबीच मंगलबार मुम्बईमा भेट हुने भएको छ।

भेटकै अवसरमा भारत-फ्रान्सबीच ३.२५ लाख करोड रुपैयाँ बराबरको रक्षा सम्झौता हुने छ । जुन मूल्यको हिसाबले भारतको अहिलेसम्मकै सबैभन्दा ठूलो सैन्य सम्झौता हुनेछ। यस सम्झौताअनुसार भारतलाई ११४ राफेल फाइटर जेट प्राप्त हुनेछन्।

दुवै नेताबीच दिउँसो ३:१५ बजे मुम्बईको लोक भवनमा बैठक भइरहेको छ। बैठकमा रक्षा, समुद्री सहयोग, इन्डो-पासिफिक रणनीति, उन्नत प्रविधि, कृत्रिम बुद्धिमत्ता (एआई) र विश्वव्यापी मुद्दाहरूमा छलफल हुने छ।

दुवै नेता साँझ ५:१५ बजे भारत-फ्रान्स इनोवेशन इयर २०२६ को उद्घाटन गर्नेछन्। मोदी र म्याक्रोन उद्योगपति, स्टार्टअप फाउन्डर, अनुसन्धान विशेषज्ञ र इनोवेशनसँग जोडिएका व्यक्तिलाई सम्बोधन गर्नेछन्। राष्ट्रपति म्याक्रोन १७-१९ फेब्रुअरीसम्म भारत भ्रमणमा रहनेछन् र यसै अवधिमा दिल्लीमा एआई इम्प्याक्ट समिटमा पनि सहभागी हुनेछन्। उनी आफ्नी पत्नीको साथमा प्रधानमन्त्री मोदीको निमन्त्रणामा तीन दिनको भारत भ्रमणमा आएका छन्।



म्याक्रोनको भारत भ्रमण

राष्ट्रपति भएपछि म्याक्रोनको यो चौथो भारत भ्रमण हो। यसअघि उनी मार्च २०१८, सेप्टेम्बर २०२३ (जी२० समिट) र जनवरी २०२४ (गणतन्त्र दिवस समारोह) मा भारत आएका थिए।

*राफेल सम्झौताका विशेषता*

भारत-फ्रान्स सम्झौता अन्तर्गत २४ 'सुपर राफेल' जेट किनिनेछ । यी एफ-५ संस्करणका जेट हुन्, जसलाई फ्रान्सकी कम्पनी दस्युल्ट एभिएशनले उत्पादन गर्नेछ।

हाल भारतीय वायुसेनामा रहेका राफेल एफ-३ संस्करणका ४.५ जेनेरेशन फाइटर हुन्। नयाँ सम्झौतामा अधिकांश जेट एफ-४ संस्करणका हुनेछन्, जसमा उन्नत प्रणाली र प्रविधि हुनेछ।

एफ-५ सुपर राफेल विकासका चरणमा छन्। यी जेट सन् २०३० पछि उपलब्ध हुनेछन्।

*भारतमै निर्माण हुने जेट*

कूल ११४ जेटमध्ये ९६ भारतमै उत्पादन हुनेछन्। केवल १८ जेट 'फ्लाई-अवे' अवस्थामा फ्रान्सबाट प्राप्त हुनेछन्।

मेक इन इन्डिया कार्यक्रमअन्तर्गत दस्युल्ट र भारतीय साझेदारले निर्माण गर्नेछन्। यससँगै डीआरएलमाा भारतीय हिस्सेदारी ५१ प्रतिशत पुगेको छ।

सबै जेटमा भारतीय हतियार, मिसाइल र गोला-बारूद इन्टिग्रेट हुनेछन्। यसमा सुरक्षित डेटा लिंक प्रणाली उपलब्ध हुनेछ।

टेक्नोलोजी ट्रान्सफरपछि स्वदेशी हिस्सेदारी ५५-६० प्रतिशत पुग्ने अपेक्षा छ।

*पूर्वराफेल सम्झौता*

भारतले पहिले नै ३६ राफेल जेट फ्रान्सबाट खरिद गरिसकेको छ। सम्झौता सेप्टेम्बर २०१६ मा भएको थियो। यी जेट सन् २०१९-२०२२ मा चरणबद्ध रूपमा आएका थिए। जेटहरू अम्बाला (हरियाणा) र हासीमारा (पश्चिम बंगाल) एयरबेसमा तैनाथ छन्।

राफेल जेट आधुनिक रडार, इलेक्ट्रोनिक वारफेयर सिस्टम र लामो दूरीको मिसाइलसहित छन्। यसमा मेटोर एयर-टू-एयर, एसक्लयाप क्रुज मिसाइल र एमआईसीए मिसाइल प्रणाली समावेश छन्, जसले वायुसेनाको मारक क्षमता वृद्धि गर्छ।

## रौतहटमा.........

सुरु गरिने तयारी भइरहेको छ। सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र छरितो बनाइएपछि यातायात कार्यालयप्रतिको जनधारणा पनि सकारात्मक बन्दै गएको कार्यालय प्रमुख साहको भनाइ छ।

"राज्यका सार्वजनिक सेवाहरू व्यवस्थित र डिजिटल बनाउँदा सेवाग्राहीको समय, पैसा र श्रम सबै बचत हुन्छ भन्ने कुरा रौतहट यातायात कार्यालय उदाहरण बनेको छ," उनले बताए।

यसरी, रौतहट यातायात कार्यालयमा भएको सुधारले सेवाग्राहीलाई राहत दिएको छ भने सार्वजनिक सेवा सुधारको सफल नमुना पनि प्रस्तुत गरेको छ।

## पर्सा जिल्लाका......

त्यसैगरी प्रमुख अतिथि तथा स्वास्थ्य शाखा प्रमुख दिपलाल चौरसियाले कुष्ठरोगको वर्तमान अवस्था, गाउँपालिका र जिल्लास्तरको तथ्यांक तथा सञ्चालन भइरहेका कार्यक्रमबारे जानकारी गराउनुभएको थियो। उहाँका अनुसार बिन्दवासिनी गाउँपालिकामा विगत वर्षहरूमा केही नयाँ बिरामी पहिचान भएका छन् र उनीहरू नियमित उपचारमा रहेका छन्। पर्सा जिल्लामा पनि कुष्ठरोग नियन्त्रणका लागि सक्रिय खोजपडताल, जनचेतनामूलक कार्यक्रम तथा औषधि आपूर्ति व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन हुँदै आएको जानकारी दिनुभयो।

उहाँले कुष्ठरोग पूर्ण रूपमा उपचारयोग्य रोग भएकाले लक्षण देखिएसँगै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न आग्रह गर्नुभयो। साथै, गाउँपालिकाले रोग नियन्त्रण तथा प्रभावित व्यक्तिहरूको पुनःस्थापनाका लागि आगामी दिनमा थप सशक्त कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

अभिमुखिकरण कार्यक्रममा जिल्लाका विभिन्न सञ्चार माध्यमका प्रतिनिधि, स्वास्थ्यकर्मी तथा स्थानीय तहका जनप्रतिनिधि, धामिझाँक्रीहरूको सहभागिता रहेको थियो। आयोजकले यस्ता कार्यक्रमले समुदायस्तरमा सचेतना अभिवृद्धि भई कुष्ठरोग उन्मूलन अभियानलाई थप टेवा पुग्ने विश्वास व्यक्त गरेका छन्।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

वृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट

## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।

ठोरी गाउँपालिका, ध्याङडाँडा, पर्सा


**प्रधान कार्यालय मनकामनामार्ग, काठमाण्डौ, नेपाल**

फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

### हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बिमालेखका बिमितले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुदाँ उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रिय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र दावीदर्ता नभएमा निवेदकको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नम्बर | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI1530001361(S) | सागर भगत | सप्तरी-४, बैरवा ९८४५०९६९१७ |
| २. | GLI0010026207 | स्वेता भगत | सप्तरी-४, बैरवा ९८४५०९६९१७ |

नेपाल सरकार
भुमी ब्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी ब्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय सिमरौनगढ बारा

विषय - हक दाबि सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

उप्रान्त श्री लखन ठाकुरको नाति श्री कैलाश ठाकुर लोहारको छोरा बारा जिल्ला साबिक गा.बि.स. कुडवा -१ हाल पचरौता न .पा. वडा न.९ बस्ने श्रीशम्भु ठाकुर लोहार सेधु ठाकुर समेतले तपसिल बमोजिमको किता जग्गा नामसारी,दा.खा.श्रेस्ता अध्यावधिक श्रेस्ता अध्यावाधिक गरि नामसारीगरि पाऊ भनी माग गर्नु भएको हुदा उलेखित जग्गा निज निवेदकको हो /होईन को कसको हक भोग चलन भित्रको हो ? सो जग्गामा को कसको हक अधिकार छ ?हकदारहरु के कति छन ?माग निबेदनको जग्गा सरकारी,सार्वजनिक प्रकुतिकको वा गुठि आदि भित्र पर्ने जग्गा हो /हैन ?माग निबेदन बमोजिम जग्गा दर्ता वा नामसारी वा दाखिल खारिज संशोधन र श्रेस्ता अध्यवाधिक गरि दिदा अन्य कोहि कसैले कुनै व्यहोराबाट फरक पर्छ /पर्दैन ?सो जग्गामा अन्य कोहि कसैले कुनै व्यहोराबाट यस अगाडी दर्ता सम्बन्धि निबेदन दिए नदिएको के छ ?सो समेत यकिनका लागि हकदाबी सम्बन्धि ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।माग निबेदनको जग्गा दर्ता ,नामसारी दाखिल खारिज,संशोधन र श्रेस्ता अध्यावाधिक गर्न नमिल्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस कार्यालयमा उजुर बाजुर गर्न आउनुहुन जानकारी गराइन्छ।

तपसिल

| गा.बि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | मोहीको नाम थर | जग्गाधनीको नाम थर |
|---|---|---|---|---|---|
| कुडवा | १गा. | १७ | ०-०-१५-१/२ | | कैलाश लोहार |
| कुडवा | १गा. | २० | ०-०-४-० | | कैलाश लोहार |

यसमा पचरौता न.पा.-९ को च.न.६७५ मिति २०८२/१०/१५ को किटानी सिफारिस,मालपोत ,रसिद,फिल्ड बुक ,वडा स्थलगत मुचुल्का नागरिता प्रमाण पुर्जा समेतको अधारमा निज जग्गा धनी कैलास लोहार आफ्नो काल गती बाट २०६२/०९/०५ मा स्वर्ग बास भएपछी निजको हकखाने निजको एक मात्र पत्नी पनावा लोहारिन पनि मिती २०५९/०४/२० गते परलोक भए पछि निजहरु निजहरु दाम्म्पपत्तय जीवनबाट जे जन्म भएको दुई छोराहरु शम्भु ठाकुर लोहार र सेधु ठाकुर लोहारले नामसारी गरि दिन माग गरेको यो नामसारी नहुने कुनै कारण भए वा कुनै अन्य हकदार भए यो सुचना प्रकाशन भएको ३५ दिन भित्र उजुर बाजुर गर्नु होला नत्र कानुन बमोजिम हुनेछ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# प्रतिनिधिसभा निर्वाचन २०८२ : बारा-२ मा रास्वपाका उम्मेदवार चन्दन सिंहको घरदैलो अभियान तीव्र

***शु.आ. सम्बाददाता***
***कलैया, ५ फागुन***

आगामी प्रतिनिधिसभा निर्वाचन २०८२ लाई लक्षित गर्दै बारा निर्वाचन क्षेत्र नं. २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार चन्दन सिंह ले घरदैलो अभियानलाई तीव्र बनाएका छन् । सिंहले मतदाताको घर-घरमा पुगेर प्रत्यक्ष भेटघाट गर्दै आफ्नो चुनावी एजेन्डा प्रस्तुत गरिरहेका छन् । घरदैलोका क्रममा उम्मेदवार सिंहले राजनीति सेवाको माध्यम भएको उल्लेख गर्दै पुरानो सोच र अभ्यासबाट मुक्त भई जवाफदेही, पारदर्शी र परिणाममुखी नेतृत्व आवश्यक रहेको धारणा राखे । उनले शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार, युवाका लागि रोजगारी सिर्जना, भ्रष्टाचार नियन्त्रण, स्थानीय विकासमा समान पहुँच तथा सार्वजनिक सेवामा सुशासनलाई आफ्नो प्राथमिकतामा राखेको बताए ।



मतदातासँगको संवादमा सिंहले भने, "अब भाषण होइन, काम देखाउने राजनीति चाहिएको छ । जनताको करको सही सदुपयोग, अवसरमा समानता र राज्यका निकायलाई जनउत्तरदायी बनाउने हाम्रो लक्ष्य हो ।" उनले संसद्मा पुगेपछि बारा-२ का आधारभूत समस्या पहिचान गरी नीति निर्माणमा प्रभावकारी भूमिका खेल्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

घरदैलो अभियानमा स्थानीय युवाहरू, महिला तथा पार्टीका कार्यकर्ताहरूको सक्रिय सहभागिता देखिएको थियो । मतदाताहरूले पनि उम्मेदवारसँग खुला रूपमा आफ्ना समस्या, अपेक्षा र सुझाव राखेका थिए । सडक, खानेपानी, स्वास्थ्य सेवा, रोजगारी र शिक्षा जस्ता विषयहरू मतदाताका प्रमुख चासोका रूपमा उठेका थिए ।

रास्वपाले बारा-२ मा घरदैलो, साना सभा, टोल भेटघाट र सामाजिक संवादमार्फत जनसम्पर्क विस्तार गर्दै चुनावी माहोल आफ्नो पक्षमा पार्ने रणनीति अघि बढाएको जनाएको छ । पार्टीका स्थानीय नेताहरूका अनुसार मतदातासँग प्रत्यक्ष संवाद नै विश्वास जित्ने मुख्य आधार भएकाले अभियानलाई अझ व्यापक बनाइने छ । यसरी, प्रतिनिधिसभा निर्वाचन २०८२ नजिकिँदै जाँदा बारा-२ मा रास्वपाका उम्मेदवार चन्दन सिंहको घरदैलो अभियानले राजनीतिक गतिविधिलाई थप चहलपहल बनाएको छ ।

# उम्मेदवार डा. खातुनद्वारा संतको आशीर्वाद ग्रहणः भन्छिन् बदलिएको कांग्रेस, बदलिँदो देश

***शु. आ. सम्बाददाता***
***रौतहट, ०५ फागुन***

रौतहट क्षेत्र नं. १ बाट नेपाली कांग्रेसको तर्फबाट मुस्लिम कलस्टरकी समानुपातिक उम्मेदवार डा. शाहजान खातुनले आफ्नो चुनावी अभियानलाई तीव्रता दिएकी छिन् । घरदैलो तथा मतदाता भेटघाटका क्रममा उनले स्थानीय संत तथा धार्मिक गुरुहरूसँग भेट गरी विजयको आशीर्वाद लिएकी हुन् ।



मंगलवार आयोजित भेटघाटका क्रममा डा. खातुनले धर्म र सेवाको मार्गबाटै समाज परिवर्तन सम्भव रहेको बताउँदै आफूलाई बहुमत दिएर जिताउन आग्रह गरिन् ।

'बदलिएको कांग्रेस, बदलिँदो देश उम्मेदवार खातुनले नेपाली कांग्रेसको नयाँ सोच र भिजनसहित आफू जनताको माझ आएको बताइन् । बदलिए कांग्रेस, बदलियौ देश भन्ने नारालाई आत्मसाथ गर्दै उनले भनिन्, हामी अब पुरानो ढर्राबाट होइन, सेवाको नयाँ उदाहरण प्रस्तुत गर्दै जनताको घरदैलोमा छौँ । कांग्रेसभित्रको परिवर्तनले नै देशको कायापलट गर्नेछ । पेशाले चिकित्सक रहेकी खातुनले आफ्नो पेशागत दक्षतालाई समाजसेवामा लगाउने प्रतिबद्धता व्यक्त गरेकी छिन् । उनी यसअघि वि.सं. २०७९ को स्थानीय तह निर्वाचनमा गौर नगरपालिकाको उपमेयर पदकी प्रत्यासी थिइन् । स्थानीय निर्वाचनमा पाएको जनविश्वास र अनुभवलाई अहिले राष्ट्रिय राजनीतिमा उपयोग गर्न चाहेको उनले बताइन् ।

मतदाता भेटघाटका क्रममा उनले रौतहट क्षेत्र नं. १ का मुस्लिम समुदाय तथा समग्र पिछडिएका वर्गको उत्थानका लागि आफ्नो उम्मेदवारी रहेको स्पष्ट पारिन् । स्थानीय बासिन्दासँगको कुराकानीमा उनले स्वास्थ्य, शिक्षा र रोजगारीका मुद्दाहरूलाई संसदमा सशक्त ढंगले उठाउने वाचा समेत गरिन् ।

क्षेत्रका मतदाताहरूले पनि एक शिक्षित र स्वास्थ्य क्षेत्रमा दख्खल राख्ने उम्मेदवार पाएकोमा उत्साह व्यक्त गरेकी छीन् ।

# रौतहटमा साह प्रमुख आएपछि यातायात कार्यालयमा आमूल सुधार, २० मिनेटमै सेवा

***रौतहट, ०५ फागुन***

एक समय यातायात व्यवस्था कार्यालय (सवारी) रौतहट मा सवारीसाधन दर्ता प्रमाणपत्र (ब्लू बुक) नवीकरण गर्न सेवाग्राहीले घण्टौँ लाममा बस्नुपर्ने बाध्यता थियो । चारवटा लाइन पार गरेपछि मात्रै पालो आउँथ्यो । कतिपय सेवाग्राही त दिनभर लाइनमा बस्दा पनि काम नसकिएपछि अर्को दिन फर्कन बाध्य हुन्थे । झण्झटिलो प्रक्रिया र ढिलासुस्तीका कारण कार्यालयप्रति सर्वसाधारणको गुनासो व्यापक थियो ।

तर, कार्यालय प्रमुख राजकिशोर साह आएपछि यातायात कार्यालयको सेवा प्रवाहमा उल्लेखनीय सुधार देखिएको छ । हाल सवारीसाधन नामसारी, नवीकरणलगायतका कामहरू २० मिनेटमै सम्पन्न हुने गरेका छन् ।




मौलापुर नगरपालिका-१ का राकेश साहले मोटरसाइकलको नामसारी र नवीकरण २० मिनेटमै सकिएको अनुभव सुनाउँदै भने, "पहिले तीन-चार घण्टा लाइनमा उभिनुपर्थ्यो । अहिले एकद्वार प्रणालीबाट सबै काम छिटो भयो । कर तिर्न बैंक धाउनु पर्ने र भौचर बुझाउने झण्झट पनि हटेको छ ।"

कार्यालय प्रमुख साहका अनुसार सवारी चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी सम्पूर्ण सेवा अनलाइन प्रणालीमार्फत सञ्चालन भइरहेको छ । "अब लाइसेन्सका लागि कार्यालय धाउनु पर्दैन," उनले भने, "अनलाइनबाटै आवेदन दिन सकिन्छ, लाइसेन्स तयार भए-नभएको अवस्था पनि वेबसाइटबाट हेर्न सकिन्छ ।"

उनका अनुसार सबै सेवाग्राहीको बायोमेट्रिक विवरण अनलाइन प्रणालीमा सुरक्षित गरिएको छ । साथै सवारीसाधनको ब्लू बुक नवीकरण सेवा पनि छिट्टै पूर्ण रूपमा अनलाइनबाटै

*बाँकी तेश्रो पृष्ठमा*

# सुवर्ण गाउँपालिका कवहीगोठ, बारामा नयाँ प्रमुख प्रशासकीय अधिकृतको स्वागत

***शु.आ. सम्बाददाता***
***कलैया, ०५ फागुन***

बाराको सुवर्ण गाउँपालिका-२ अन्तर्गत कवहीगोठस्थित गाउँपालिकाको कार्यालयमा आजदेखि अमोध चौधरी ले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्नुभएको छ । उहाँको आगमनको अवसरमा गाउँपालिकाले स्वागत कार्यक्रमको आयोजना गरेको थियो ।

स्वागत कार्यक्रममा गाउँपालिका प्रमुख राजेश प्रसाद यादव, उपप्रमुख, वडाध्यक्षहरू, सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रमका क्रममा प्रमुख यादवले अमोध चौधरीलाई फूलमाला र अबिर लगाई औपचारिक रूपमा स्वागत गर्दै कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

गाउँपालिका प्रमुख यादवले सुवर्ण गाउँपालिकामा सुशासन, पारदर्शिता र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने दिशामा प्रमुख प्रशासकीय अधिकृतको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताउनुभयो । उहाँले स्थानीय तहका योजना, बजेट कार्यान्वयन तथा प्रशासनिक व्यवस्थापनलाई सुदृढ बनाउन सबै जनप्रतिनिधि र कर्मचारीको सहकार्य अपरिहार्य रहेकोमा जोड दिनुभयो ।

नव नियुक्त प्रमुख प्रशासकीय अधिकृत अमोध चौधरीले स्वागतप्रति धन्यवाद व्यक्त गर्दै गाउँपालिकाको समग्र विकास, जनमुखी सेवा प्रवाह, समयमै योजना सम्पन्न गर्ने तथा प्रशासनलाई चुस्त-दुरुस्त बनाउने प्रतिबद्धता जनाउनुभयो । उहाँले जनप्रतिनिधि, कर्मचारी र स्थानीय समुदायसँग सहकार्य गर्दै कानुनी मापदण्डअनुसार निष्पक्ष र उत्तरदायी ढंगले काम गर्ने बताउनुभयो ।

कार्यक्रममा बोल्दै विभिन्न वडाध्यक्ष तथा कर्मचारी प्रतिनिधिहरूले पनि नयाँ प्रमुख प्रशासकीय अधिकृतको आगमनले प्रशासनिक कामकारबाही थप व्यवस्थित हुने विश्वास व्यक्त गरे । अन्त्यमा आपसी सहकार्य, समन्वय र पारदर्शितामार्फत सुवर्ण गाउँपालिकालाई नमुना स्थानीय तह बनाउने संकल्पका साथ स्वागत कार्यक्रम सम्पन्न भएको थियो ।

# ठोरी गाउँपालिका-३ मा रमेश रिजालको घरदैलो : "अबको विकल्प नेपाली कांग्रेस" भन्दै मतदाता एकजुट

***राजन कुमार बानिया***
***पर्सा, ०५ फागुन***

आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै रमेश रिजाल ले ठोरी गाउँपालिका वडा नं. ३ मा घरदैलो तथा जनसम्पर्क कार्यक्रम सम्पन्न गर्नुभएको छ । उहाँ पर्सा निर्वाचन क्षेत्र नम्बर ४ का उम्मेदवार हुनुहुन्छ ।



घरदैलोका क्रममा उम्मेदवार रिजालले स्थानीय नागरिकसँग प्रत्यक्ष भेटघाट गर्दै उनीहरूको दैनन्दिन समस्या, आवश्यकता र अपेक्षाबारे जानकारी लिनुभएको थियो । स्थानीयले सडक पूर्वाधारको अवस्था, शिक्षा र स्वास्थ्य सेवामा पहुँच, तथा रोजगारीका अवसर अभावलाई प्रमुख समस्याका रूपमा उठाएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै रिजालले जनताको विश्वास र सहकार्यबिना दिगो विकास सम्भव नहुने बताउनुभयो । उहाँले निर्वाचित भएपश्चात स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना निर्माण तथा कार्यान्वयन गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । "विकास जनताको सहभागिताबाट मात्रै सम्भव हुन्छ," उहाँको भनाइ थियो ।

घरदैलो कार्यक्रममा युवाहरू, महिला तथा जेष्ठ नागरिकको उल्लेखनीय सहभागिता देखिएको थियो । सहभागी स्थानीयवासीहरूले परिवर्तन र विकासका लागि अबको विकल्प नेपाली कांग्रेस भएको धारणा व्यक्त गर्दै उम्मेदवार रिजालप्रति समर्थन जनाएका थिए ।

अभियान टोलीका अनुसार ठोरी-३ मा भएको घरदैलो कार्यक्रमले चुनावी माहोललाई थप सक्रिय बनाएको छ भने मतदातामा उत्साह बढाएको छ । स्थानीय तहमा जनसम्पर्क र प्रत्यक्ष संवादलाई निरन्तरता दिँदै अभियानलाई अझ तीव्र बनाइने जनाइएको छ ।

# पर्सा जिल्लाका पत्रकार तथा सरोकारवालासँग कुष्ठरोग सम्बन्धी अभिमुखिकरण सम्पन्न

***पवन प्रसाद साह***
***पर्सा, ०५ फागुन***

बिन्दवासिनी गाउँपालिकामा पर्सा जिल्लाका पत्रकार तथा सरोकारवालाहरूका लागि एकदिने कुष्ठरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।




द लेप्रोसी मिशन नेपालको सहयोग तथा बिन्दवासिनी गाउँपालिकाको आयोजनामा सम्पन्न उक्त कार्यक्रम मुरली कृषक स्वयम सहायता समूहका अध्यक्ष रामदेव राउतको अध्यक्षतामा तथा गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख दिपलाल चौरसियाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

कार्यक्रममा कुष्ठरोगको पहिचान, रोकथाम, उपचार र समुदायमा व्याप्त भ्रम तथा विभेद अन्त्य गर्ने विषयमा विस्तृत छलफल गरिएको थियो । यसै क्रममा द लेप्रोसी मिसन नेपाल पर्साका जिल्ला सम्पर्क अधिकृत रामहरीले प्रोजेक्टको दृष्टिकोणबाट कुष्ठरोग सम्बन्धी अभिमुखिकरण प्रदान गर्नुभएको थियो । उहाँले कुष्ठरोग नियन्त्रणका लागि सञ्चालन भइरहेको परियोजनाका उद्देश्य, कार्यक्षेत्र र उपलब्धिबारे जानकारी दिँदै समुदायस्तरमा सक्रिय खोजपडताल, समयमै पहिचान, नियमित औषधि उपचार (एमडीटी) र प्रभावित व्यक्तिको पुनःस्थापनालाई प्राथमिकतामा राखिएको बताउनुभयो ।साथै पर्सा जिल्लामा अहिले कुष्ठरोग उपचारत ३४ जना छन ती मध्ये ३ जना विन्दवासिन गाउँपालिकका रहेका छन ।

उहाँले सञ्चारकर्मीहरूले तथ्यमा आधारित समाचार सम्प्रेषण गरेमा समाजमा रहेको भ्रम, डर र विभेद हटाउन महत्वपूर्ण सहयोग पुग्ने उल्लेख गर्नुभयो । साथै, कुष्ठरोग पूर्ण रूपमा उपचारयोग्य रोग भएकाले लक्षण देखिएमा लुकाएर नराखी स्वास्थ्य संस्थामा जानुपर्ने सन्देश प्रभावकारी रूपमा प्रवाह गर्न आग्रह गर्नुभयो । परियोजनामार्फत स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीच समन्वय गर्दै कुष्ठरोग उन्मूलनतर्फ अग्रसर रहेको पनि उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमका अध्यक्ष रामदेव राउतले कुष्ठरोगबारे समाजमा अझै पनि विभिन्न भ्रम र डर रहेको उल्लेख गर्दै यस्ता अभिमुखिकरण कार्यक्रमले सही सूचना प्रवाह गर्न सहयोग पुग्ने बताउनुभयो । उहाँले स्थानीय तह, नागरिक समाज र सञ्चारकर्मीबीच सहकार्य भएमा कुष्ठरोग नियन्त्रण तथा प्रभावित व्यक्तिको पुनःस्थापनामा उल्लेखनीय प्रगति गर्न सकिने धारणा राख्नुभयो ।

*बाँकी तेश्रो पृष्ठमा*

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा**